मिति:२०८०/०७/२६ गते

समय:- बिहान ८:०० बजे

स्थान: नगर प्रमुखको कार्यकक्ष

यस नगरपालिकाको विपद व्यवस्थापन समन्वय समितिको बैठक नगर प्रमुख तथा समितिका संयोजक श्री रवि के.सी. ज्युको संयोजकत्वमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो। उक्त बैठकका प्रस्तावहरु तथा निर्णयहरु देहाय बमोजिम रहेका छन।

**उपस्थिति**

| हस्ताक्षर | क्र.सं. | नाम, थर | पद |
|---|---|---|---|
| [signature] | १. | श्री रवि के.सी. | संयोजक |
| [signature] | २. | श्री तारक बहादुर शाही | सदस्य |
| [signature] | ३. | श्री दिनेश चन्द | सदस्य |
| [signature] | ४. | टिकाराम सुनार | सदस्य |
| [signature] | ५. | श्री वीर बहादुर शाही | सदस्य |
| | ६. | श्री हरी सी | सदस्य |
| | ७. | श्री अजय चन्द | सदस्य |
| [signature] | ८. | श्री नविन मरासिनी | सदस्य |
| [signature] | ९. | श्री राजेश गौतम | सदस्य सचिव |
| आमन्त्रित | | | |
| [signature] | १. | श्री लुम्बिनी गौतम | जि स स प्रमुख |
| | २. | श्री रातो कामी | पुर्व प्रदेश मन्त्री |
| [signature] | ३. | श्री गोर्ख बहादुर के.सी. | पुर्व नगर प्रमुख |
| [signature] | ४ | श्री धिरेन्द्र कुमार बटाला | नेपाली काँग्रेस नेता |
| [signature] | ५ | श्री धन कुमारी शाही | नगर उप प्रमुख |
| [signature] | ६ | श्री जनक बहादुर बटाला | ९ नं वडा अध्यक्ष |
| [signature] | ७ | श्री देव बहादुर यरी | २ वडा अध्यक्ष |
| | ८ | श्री गणेश कुमार शाह | १०वडा अध्यक्ष |
| | ९ | श्री प्रेम बहादुर पुन | ११ वडा अध्यक्ष |
| | १० | श्री खुम्मे कुसारी | १२वडा अध्यक्ष |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | ११ | श्री टेक बहादुर थापा | १३ वडा अध्यक्ष |
| | १२ | श्री हुकुम बहादुर पुन | १४वडा अध्यक्ष |
| | १३ | श्री सदिक्षा मल्ल | नगर कार्यपालिका सदस्य |
| | १४ | श्री दिप बहादुर खत्री | नेपाल रेडक्रस प्रतिनिधी |
| | १५ | श्री दलजित घर्ती | शान्ति नेपाल प्रतिनिधी |
| | १६ | श्री निरज वि क | नगर प्रहरी प्रमुख |
| | १७ | श्री कमल जङ्ग शाह | नेपाली काँग्रस |
| | १८ | श्री सर्जन कामी | कार्यपालिका सदस्य |
| | १९ | श्री पार्वती वि क | नेपाल कम्युनिष्ट पार्टी प्रतिनिधी |
| | २० | श्री जय बहादुर बुढा | प्रशासन सहायक |

प्रस्तावहरु:

१. दोस्रो चरणको राहत तथा पुनर्स्थापना सम्बन्धमा।

निर्णयहरु:

१. प्रस्ताव नं १ मा छलफल गर्दा रामिडाँडा भुकम्पको कारण यस नगरपालिकाका घर/टहराहरु पूर्ण रुपमा क्षति भई प्राय: सबै घर परिवारहरु भूकम्पीय जोखिममा रहेका कारण नगरपालिकाका प्राय सबै घर परिवारहरु त्रिपाल मुनि बस्नु पर्ने बाध्यता भएको र चिसो मौसमले थप स्वास्थ्य समस्या बढ्ने, सार्वजनिक धारा, शौचालयहरु पुर्ननिर्माण नगर्दा अन्य स्वास्थ्य समस्याहरु उत्पन्न हुने देखिएको कारण अस्थायी घर/टहरा, शौचालय, खानेपानी लगायतका संरचनाहरु निर्माणका लागि दोस्रो चरणको राहत तथा पुनर्स्थापनाको कार्यक्रम अविलम्व सुरु गर्ने तथा त्यस कार्यका लागि आवश्यक सहयोग गर्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

२. रामिडाँडा भुकम्पको कारण क्षति भएका घरहरुको पुननिर्माणका लागि दोस्रो चरणको राहत तथा पुनर्स्थापना अन्तरगत प्राविधिक जनशक्ति, अस्थायी संरचना निर्माणका लागि आवश्यक पर्ने सामग्री, शौचालय, खानेपानी, सौर्य उर्जा तथा विद्युतिकरणका साथै स्थानीय स्रोत साधन र जनशक्तिको अधिकतम प्रयोग गर्ने गरी योजना निर्माण गर्न संघ तथा प्रदेश सरकार तथा दाताहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

३. रामिडाँडा भुकम्पको कारण भएको प्रभावित नगरपालिकाका पिडित घर परिवारहरुलाई राहत तथा पुनर्थापनाका लागि यस नगरपालिकाका जनप्रतिनिधी, प्राविधिक कर्मचारी, सबै राजनैतिक दलका प्रतिनिधी तथा सुरक्षाकर्मीहरुको संयुक्त अनुगमन टोलीबाट पहिचान भएका अनुसुची १ मा उल्लिखित घर परिवारलाई दोस्रो चरणको राहत तथा पुनर्स्थापनाका लागि जिल्ला विपद व्यवस्थापन समिति मार्फत संघ तथा प्रदेश सरकार एवम् सरकारी तथा गैरसरकारी संघ/संस्थाहरु समक्ष अनुरोध गर्ने निर्णय गरियो।

Scanned with CamScanner

४. रामिडाँडा भुकम्पको कारण भएको क्षतिबाट प्रभावित पिडीतहरुको लागि नगद जिन्सी राहत सामग्री वितरण गर्ने सरकार तथा दाताहरुलाई धन्यवाद ज्ञापन गर्दै थप सहयोगका लागि अनुरोध गर्ने र दोस्रो चरणको राहत तथा पुनर्थापनाका लागि तिहार लगत्तै यस नगरपालिकाका सबै राजनैतिक दलहरु जुट्ने निर्णय गरियो ।

,आजको बैठक सौहार्दपूर्ण वातावरण सम्पन्न भयो ।